ADCCN ई-बुलेटिन
Association of District Coordination Committees of Nepal
जिल्ला समन्वय समिति महासंघ नेपाल
e - Bulletin
Vol. 1 [Issue – V] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-bulletin, 2018 Nov.-Dec. (२०७५ कार्तिक-मंसिर)

# जिल्ला समन्वय समिति महासंघ नेपालको आयोजनामा जि.स.स. सिन्धुपाल्चोकको व्यवस्थापनमा राष्ट्रिय जलवायु सम्मेलन




यहि आउँदो २०७५ पुस १५-१७ गते जिल्ला समन्वय समिति महासंघ नेपालको आयोजनामा जिल्ला समन्वय समिति सिन्धुपाल्चोकको व्यवस्थापनमा राष्ट्रिय जलवायु सम्मेलन हुने भएको छ । उक्त राष्ट्रिय जलवायु सम्मेलन सम्माननीय प्रधानमन्त्रीज्यूको आतिथ्यतामा हुन गइरहेको छ । जलवायु परिवर्तनको असरको प्रत्यक्ष अवलोकन तथा यसको कारण राष्ट्रिय गौरवका वृहत आयोजना (मेलम्ची खानेपानी आयोजना लगायत) मा पर्नसक्ने प्रभावबारे नेपाल सरकार, स्थानीय तह, विकास साझेदार तथा विज्ञहरुलाई एकै ठाउँमा उपस्थित गराई जलवायु परिवर्तन सम्बन्धी कार्यपत्रहरु प्रस्तुत तथा छलफल समेत गर्ने गरी त्रि-दिवसीय कार्यक्रमको आयोजना गरिएको छ । सम्मेलनमा ७७ वटै जिल्ला समन्वय समितिहरुका प्रमुख, उप-प्रमुख तथा एक जना सदस्य सहभागी हुनेछन्, सिन्धुपाल्चोक जिल्लाका सबै स्थानीय तहका पदाधिकारीहरु, सम्वद्ध मन्त्रालय तथा निकायका अधिकारीहरु, जलवायु परिवर्तनका क्षेत्रमा काम गरिरहेका संघसंस्थाका प्रतिनिधि र विज्ञहरु सहभागी हुनेछन । जलवायु परिवर्तनका समस्या र असर रोक्ने सामूहिक प्रतिबद्धता जनाउँदै सम्मेलनले सिन्धुपाल्चोक घोषणापत्र जारी गर्ने छ ।

कार्यक्रम स्थल सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकास्थित ज्यामिरेको २ हजार ५ सय २० मिटर उचाइमा अवस्थित गुफाडाँडामा सम्मेलन आयोजना हुने छ । सम्मेलनमा सहभागिहरु ४०० जनाको अनुमान गरिएको र सहभागिहरुलाई सम्मेलन स्थलमै खाना र बासको व्यवस्था गरिने छ । गुफा डाँडाबाट जुगल हिमशृंखला, छिमेकी जिल्लाका हिमालका साथै पर्यटकीय क्षेत्र नगरकोटसम्मका मनोरम दृश्य नियाल्न सकिन्छ । सम्मेलनका सहभागीहरुलाई पहिलो दिन मेलम्ची खानेपानी आयोजनाको सुरुङमार्ग र हेलम्बु क्षेत्रको पर्यटकीय वातावरणको अवलोकन गराउने कार्यक्रम समेत तय गरेको छ । सम्मेलनमा झण्डै रु. एक करोड खर्च हुने अनुमान छ ।

## राष्ट्रिय जलवायु सम्मेलनको तयारी बैठक

जिल्ला समन्वय समिति महासंघ नेपालको आयोजना र जिल्ला समन्वय समिति सिन्धुपाल्चोकको मुख्य व्यवस्थापनमा गर्न लागिएको राष्ट्रिय जलवायु सम्मेलनको तयारीको शिलशिलामा सिन्धुपाल्चोकको चौतारामा कार्यक्रम आयोजना भएको थियो । जसमा महासंका अध्यक्ष - सीता कुमारी सुन्दास, प्रवक्ता - नवराज गेलाल, सदस्यहरुमा - डवल पाण्डे तथा सविना राईले भाग लिनु भएको थियो ।



# जिल्ला समन्वय समिति महासंघ नेपालको पाँचौ केन्द्रिय कार्यसमितिको बैठक सम्पन्न




मिति २०७५ मंसिर १७ गते, जिल्ला समन्वय समिति महासंघ नेपालको पाँचौ केन्द्रिय कार्यसमितिको बैठक जिल्ला समन्वय समिति भक्तपुरको आतिथ्यतामा जि.स.स. भवन, भक्तपुरमा सम्पन्न भयो । उक्त बैठकमा महासंघको सातै प्रदेश अध्यक्षज्यूहरुबाट आ-आफ्नो प्रदेशको तथा अन्यसदस्यहरुले आफुले प्रतिनिधित्व गरेका जिल्लाको कार्य सम्पादन र प्रगति प्रस्तुत गर्नुभयो । उक्त बैठकले निम्न महत्वपूर्ण निर्णयहरु गरेको थियो ।

- राष्ट्रिय जलवायु सम्मेलनमा सारगर्मित सम्बोधन सहित प्रमुख अतिथिका रुपमा सम्माननीय प्रधानमन्त्रीलाई निमन्त्रणा गर्ने तथा नेपाल सरकार, दाता समुह, काठमाडौं तथा सिन्धुपाल्चोकका स्थानीय तहहरुलाई समेत सहयोग र सहभागिताका लागि निमन्त्रणा पठाउने,
- जिल्ला समन्वय समिति सिन्धुपाल्चोकले व्यवस्थापन गर्ने राष्ट्रिय जलवायु सम्मलेन यही २०७५ पौष १५ गते देखि १७ गते (डिसेम्बर ३०, २०१८ देखि जनवरी १, २०१९) सम्म मेलम्ची नगरपालिकाको गुफाडाँडामा महासंघको आयोजनामा हुने भएकाले सबै ७७ वटै जिल्ला समन्वय समितिहरुको सहयोग र सहभागिताका लागि उक्त सम्मेलनमा प्रत्येक जिल्ला समन्वय समिति प्रमुख, उप-प्रमुख र एकजना सदस्य सहित ३ जनाको सहभागिता तथा सहयोग स्वरुप प्रत्येक जिल्ला समन्वय समितिले रु. १०,०००।- (रु. दश हजार मात्र) सम्मेलन व्यवस्थापनका लागि पठाउने,
- महासंघ प्रदेश समिति हरुको प्रभावकारीताका लागि कर्णाली प्रदेश र प्रदेश ७ (सुदुरपश्चिम) मा प्रदेशस्तरिय भेलाको आयोजना गर्ने तथा आवश्यकतानुसार पुनर्गठन समेत गर्नका लागि प्रदेश संग समन्वय गर्ने,
- सबै जि स सहरुले वार्षिकरुपमा जिल्ला सभा पर्नुपर्ने कानूनी प्रावधान समेत भएको र महासंघले जिल्ला सभा संचालन नमूना कार्यविधी समेत गत असार महिनामै पठाएकोमा केही जिल्लाहरुले जिल्ला सभा नगरेको जानकारी हुन आएकोले प्रदेश अध्यक्षहरुले पहल गरी सभा नभएमा जिल्लाहरुमा अविलम्ब (पौष १५ भित्र) जिल्लासभा आयोजना गर्न सहजिकरण गर्ने,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सञ्चालन हुने प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (Provence and Local Government Support Program) कार्यान्वयनका लागि गठन हुने नितीगत तह (संघ) तथा कार्यान्वयन व्यवस्थापन तह (प्रदेश) का समितिहरुमा महासंघको सदस्यता सुनिश्चित गरी कार्यक्रम कार्यान्वयनमा संविधान प्रदत्त भूमिकामा महासंघलाई साझेदारका रुपमा परिचालन गर्न मन्त्रालयमा अनुरोध गर्ने, र
- निर्वाचित जनप्रतिनिधीहरुलाई निर्धारित भूमिका र जिम्मेवारी वहन गर्न सक्षम बनाउने प्रयोजनका लागि जिल्ला समन्वय समिति पदाधिकारी तथा कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम आयोजना गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।



# स्थानीय तहको क्षमता विकास कार्यक्रम सञ्चालन हुने

यहि २०७५ मंसिर २० गते, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रमको अन्तिम समिक्षा र नयाँ सुरुहुने Provincial and Local Governance Support Programme (PLGSP) को कार्यान्वयनबारे जानकारी दिने कार्यक्रममा नेपाल सरकार, विकास साझेदार तथा स्थानीयतहका संघ महासंघहरुलाई निमन्त्रणा गरे अनुसार यस महासंघबाट अध्यक्ष सीता कुमारी सुन्दास, उपाध्यक्ष सन्तमान तामाङ् र कार्यकारी महासचिव कृष्ण चन्द्र न्यौपानेले भाग लिनु भएको थियो ।

उक्त कार्यक्रम जनप्रतिनिधिको क्षमता विकास गर्ने उद्देश्यले आगामी पाँच वर्षको लागि संचालन हुने तथा कार्यक्रमको मूख्य संचालक प्रदेशतह हुने, नीतिगत निर्णय, समन्वय र सहजिकरण संघीय सरकारले गर्ने वारे जानकारी दिईएको थियो । यसका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय सल्लाहकार समिति (National Advisory Committee) तथा सचिवले अध्यक्षता गर्ने राष्ट्रिय कार्यान्वयन समिति (NEC) रहने तथा प्रदेशमा प्रदेश सुशासन केन्द्र (प्रतिष्ठान) Provincial Good Governance Center (PGCC) ले कार्यक्रम कार्यान्वयनको प्रबन्ध गर्ने प्रस्ताव गारिएको छ । जसमा नगरपालिका तथा गाउँपालिका बाट २/२ जना सदस्य रहने ब्यवस्था गरेको जानकारी गराईएको थियो । उक्त प्रस्तुति पछि सल्लाह सुझावको लागि खुल्ला  छलफलका क्रममा जिल्ला समन्वय समिति महासंघ नेपालको तर्फवाट जि.स.स. हरुको संबैधानिक भूमिका अनुसार PLGSP को कार्यान्वयनमा जिम्वेवारी तोकिनुपर्ने देखि कार्यान्वयन तहका विषयगत समितिहरुमा महासंघको सदस्यता सुनिश्चित हुनुपर्ने माग प्रस्तुत गर्नुका साथै कार्यक्रमको अनुगमनका लागि PGGC ले प्रत्येक जिल्ला समन्वय समितिलाई क्षमता विकास गराई जिम्मेवारी दिनुपर्ने गरी ब्यवस्था गराउने सम्बन्धमा Project Documents  मा समावेसगरी लिखित सुझावहरु दिइएको थियो ।

उक्त छलफलमा नगरपालिका संघको प्रतिनिधिले प्रदेश तहमा रहने PGGC मा कुन नगरपालिकाले प्रतिनिधित्व गर्छ, के विषयमा प्रस्तुत हुन्छ भन्ने विषय महासंघको क्षेत्राधिकार हुनाले सोझै कार्यक्रमले छनौटगर्ने सबन्धमा नगरपालिकाहरु कार्यान्वयन कर्ता नभएर अवलोकन कर्ताको रुपमा रहने र सहभागि नहुन सक्छन भन्ने धारणा प्रस्तुत भएको थियो भने गाउँपालिका महासंघको तर्फबाट गाऊपालिकाहरुको प्रतिनिधित्वगराउने प्रस्ताव गरेका विषय र प्रक्रियाको स्वागत गरेको थियो ।

# जिल्ला समन्वय समितिहरुमा रहेको कोष रोक्कालाई संचालन गर्न परामर्श बैठक

**(जिल्ला समन्वय समितिको कोष सञ्चालन जिल्ला सभाले निर्णय गरेअनुसार हुने गरी फुकुवा गर्न)**



जिल्ला समन्वय समितिहरुमा रहेको कोष सम्बन्धी संघीय मामिला तथा सामान्वय प्रशासन मन्त्रालयले मन्त्रीस्तरीय निर्णय भनि जिल्ला समन्वय समिति कोषबाट खर्च नगर्न भनि परिपत्र गरेपछि त्यसको चौतर्फी विरोध भएको र जि.स.स. महासंघ नेपालले उक्त परिपत्र असंवैधानिक अधिकार प्रयोग भयो भनि सो सच्याउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितलाई ज्ञापन-पत्र बुझाए पश्चात हालै मिति २०७५ मंसिर १४ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले जिल्ला समन्वय समिति महासंघका प्रतिनिधीहरुसंग कोष संचालनबारे परामर्श बैठक आयोजना गर्नुभयो ।

उक्त बैठकमा जिल्ला समन्वय समिति कोषमा कस्ता कस्ता रकम छन् ती खाता र वचत रकम तथा सम्बन्धित जिल्ला समन्वय समितिहरुको दायित्व चुक्ता गरी वचत हुन आउने रकमबाट सम्बन्धित जिल्ला भित्र स्थानीय तहका लागि भवन बनाउने निर्णय सम्बन्धित जिल्ला सभाबाट गरे बमोजिम खर्च सगर्ने प्रवन्ध गर्ने गरि प्रस्ताव लान परामर्श (सुझाव) दिइएको छ ।

# संघीय संसद राष्ट्रिय सभा राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा महासंघको प्रस्तुती

यही २०७५।०८।१९ गते राष्ट्रिय सभा "राष्ट्रिय सरोकार" तथा समन्वय समितिको बैठकमा संघ प्रदेश तथा स्थानीय तह विचको समन्वयको अवस्था, स्रोत संकलन तथा बाँडफाँड, विद्यमान अवस्थामा देखापरेका समस्याहरु र समन्यायिक विकासमा एक आवसमा अपेक्षित भूमिकाको सम्बन्धमा छलफल भएको उक्त कार्यक्रममा जिल्ला समन्वय समिति महासंघ नेपालको तर्फबाट निम्न विषयवस्तु र आवश्यकताबारे धारणा प्रस्तुत गरियो ।

**आवश्यक कानून निर्माण,**

१. जिल्ला समन्वय समिति सञ्चालन ऐन तत्काल निर्माण गर्नुपर्ने :
(संघ वा प्रदेशबाट निर्माण हुने सो ऐनमा निम्न विषयहरु समावेश हुनुपर्ने) (पदाधिकारीहरुको काम कर्तव्य र अधिकार, जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकारको व्यवस्था, जिल्ला सभाको काम कर्तव्य र अधिकारको व्यवस्था, जिल्ला समन्वय समितिको कोष सञ्चालन विधि, कर्मचारी व्यवस्थापन, सम्पती संरक्षणको व्यवस्था, जिल्ला समन्वय समितिले आवश्यक कार्य विधी बनाउने व्यवस्था, जिल्ला समन्वय समितिले अनुगमनको क्रममा औंल्याएका विषयहरु पालना गर्नु सम्बन्धित निकायहरुको कर्तव्य हुनेछ भन्ने व्यवस्था, जिल्ला सभा सञ्चालन विधि, जिल्ला समन्वय समिति बैठक संचालन विधि) ।

**संगठनात्मक संरचना तथा कर्मचारी व्यवस्थापन,**

**७७ वटै जिल्ला समन्वय समितिका लागि प्रस्तावित कर्मचारी दरवन्दी र कार्य जिम्मेवारी निम्नानुसार हुनुपर्ने**

| क्र.स. | शाखा | पद | संख्या | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | जिल्ला समन्वय अधिकारी (सह–सचिव/उप–सचिव) (सम्बन्धित जिल्लाका गाउँ/नगरपालिकामा रहने प्रमुख प्रशासकिय अधिकृत भन्दा एक तह माथि), | १ | कार्यालय प्रमुखको रुपमा काम गर्ने |
| २ | प्रशासन तथा समन्वय शाखा | क. प्रशासकिय अधिकृत (रा.प. तृतीय)<br>ख. ना.सु./पाँचौ तह<br>ग. स्वकीय सचिव ना.सु. सरह<br>घ. सूचना प्राविधिक | १<br>१<br>१<br>१ | कर्मचारी प्रशासनको व्यवस्थापन, जिन्सी, दर्ता चलानी, प्रमुखको स्वकीय सचिवालय र बैठक व्यवस्थापन, गाउँपालिका, न.पा., गै.स.स., नीजि क्षेत्र र प्रदेश, संघको कार्यालय संगको समन्वय<br>जिल्ला स्थित विषयगत क्षेत्र अनुसार डाटावेश अद्यावधिक गर्ने, सूचना आदान प्रदान गर्ने |
| ३ | अनुगमन शाखा | क. इन्जिनियर (रा.प. तृतिय) वा सातौं तह<br>ख. सब इन्जिनियर<br>ग. ना.सु./पाँचौ तह<br>घ. विषय विज्ञहरु (सेवा करारमा आवश्यकता अनुसार नियुक्ति गर्न सकिने) | १<br>१<br>१ | पूर्वाधार विकास सम्वन्धी प्राविधिक सहयोग गर्ने र अनुगमन गर्ने, अनुगमन सम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्ने र सार्वजनिकरण गर्ने |
| ४ | क्षमता विकास तथा कानूनी परामर्श शाखा | क. कार्यक्रम अधिकृत (रा.प. तृतिय)<br>ख. ना.सु./पाँचौ तह<br>ग. कानूनी सल्लाहकार (सेवा करार) | १<br>१<br>१ | स्थानीय तहको क्षमता विकास तथा तालिम व्यवस्थापन र कानूनी परामर्श सेवा |
| ५ | आर्थिक प्रशासन शाखा | लेखापाल | १ | आम्दानी खर्च सम्वन्धी रेकर्ड अद्यावधिक गर्ने |
| ६ | अन्य | कुचिकार | १ | करार सेवामा लिने |
| | | चौकीदार | १ | करार सेवामा लिने |
| | | कार्यालय सहयोगी | ५ | करार सेवामा लिने (२ जना भान्छे सहित) |
| | | सवारी चालक | ३ | करार सेवामा लिने |
| | | **जम्मा** | २२ | (कानूनी सल्लाहकार सेवा करार एक जना सहित) |

*नोटः माथि प्रस्तुत गरिएको दरवन्दी संख्या न्यूनतम आवश्यकतामा आधारित छ । तर, जिससको कार्यबोझ, निर्वाचन क्षेत्र संख्या र स्थानीय तहको संख्याका आधारमा दरवन्दीमा थपपनि हुन सक्नेछ ।*

**आन्तरिक स्रोत परिचालन,**

**जिल्ला समन्व्य समितिको तपसील बमोजिम आन्तरिक स्रोत हुने सुनिश्चित गरिनुपर्ने**

१. जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको सम्पत्ती परिचालनबाट प्राप्त आम्दानी,
२. प्राकृतिक स्रोत/विद्युतको रोयल्टी वापत प्राप्त हुने रकम,
३. जग्गा रजिष्ट्रेशन वापतको निश्चित प्रतिशत,
४. सेवा शुल्कहरु, (संघ र प्रदेश सरकारले तोकेका अन्य कार्य गरेबापत प्राप्त हुने प्रशासनिक खर्च)
५. दण्ड र जरिवाना शुल्क (प्राकृतिक स्रोतको अनुगमनका क्रममा गरिने)
६. अन्य आम्दानी (चन्दा, पुरस्कार) ।

**संघ तथा प्रदेश वाट प्राप्त अनुदान,**

१. सुत्रमा आधारित अनुदान हुनुपर्ने,
(जिल्लाको वर्गिकरण, निर्वाचन क्षेत्र, भूगोल, जनसंख्या, गाउँ/नगरपालिकाको संख्यामा आधारित)
२. संघ, प्रदेश र स्थानीय तहबीच समन्वयका कार्यहरु गरिँदै आएको तर प्रदेश सरकारबाट अनुदान रकम उपलब्ध नभएको,
३. जिल्ला समन्वय समितिलाई संघीय सरकारले उपलब्ध गराएको अनुदान अत्यन्तै न्यून भएको ।

**स्थानिय शासन सञ्चालनको क्रममा देखा परेका समस्याहरु**

१. जिल्ला समन्वय समितिको सञ्चालनका लागि पर्याप्त अनुदान प्राप्त नभएको, अन्तरिम संगठन संरचना सम्बन्धी दरवन्दी अति न्यून (**कार्यालय सहयोगी ४ र सवारी चालक २ सहित १३ जना**) भएको र सो दरवन्दी अनुसार पनि प्राविधिक जनशक्ति उपलब्ध नभएको,
२. जिल्ला समन्वय समितिको कोषमा पर्याप्त बजेट भएतापनि संचालनमा बन्देज गरिएको,
३. संघीय सरकारले सबै जन प्रतिनिधीहरुको मर्यादाक्रम नतोकिएको,
४. विगत जिल्ला विकास समितिले सञ्चालन गरेका अधुरा योजनाहरु अलपत्र परेको,
५. बहुवर्षिय ठेक्का लागेका क्रमागत योजनाहरु अन्यौलमा परेको,
६. विगतमा जिल्लाबाट प्रदान गरिएका सेवाहरु गाउँ/नगरपालिकाहरुमा जाने भनिएपनि गाउँ/नगरपालिकाले सेवा प्रदान गर्न ढिलाई भएको र जिल्लाबाट प्रदान गर्न समेत बन्द भएकोले नागरिकलाई अप्ठ्यारो परेको,
७. प्रदेश सभाहरुले स्थानीय तहको पदाधिकारीहरुको सेवा सुविधा तोक्दा देशैभरि एकरुपता नभएको,
८. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र अन्य निकायहरुले जिल्ला समन्वय समिति पदाधिकारीहरुलाई अनुगमन र समन्वय सम्बन्धी क्षमता विकासको तालिमहरु प्रदान गर्न बेवास्ता गरेको, अनुगमनको दायरा र समन्वयको सिमा सम्बन्धि कानूनी व्यवस्थाको समेत समस्या रहेको,
९. गाउँ/नगर, प्रदेश र संघीय सभाहरुले पास गरेका निर्णय तथा योजनाको विवरणहरु जिल्ला समन्वय समितिलाई जानकारी नगराएको,
१०. जिल्ला समन्वय समितिले संविधान प्रदत्त अनुगमन तथा समन्वय गर्न आवश्यक स्रोत साधन र जनशक्ति व्यवस्था नभएको (कर्मचारी, बजेट तथा विज्ञको सेवा),
११. जिल्ला शिक्षा समिति निष्कृय सरह रहेको, शिक्षा विकास तथा समन्वय इकाईलाई जिल्ला प्रशासन कार्यालय मातहतमा राखिएको,
१२. जिल्ला, अञ्चल अस्पताल विकास समितिहरु विगठन भएको र नयाँ समितिहरु गठन भै नसकेको ले विकास र व्यवस्थापनमा समस्या रहेको,
१३. राष्ट्रिय पून:निर्माण प्राधिकरण अन्तरगतको जिल्ला आयोजना कार्यान्वयन इकाईहरुले जिल्ला समन्वय समितिसंग समन्वय नगरेको,
१४. स्थानीय सरकार सञ्चालन ऐनको दफा ९५ बमोजिम संघ र प्रदेशका कार्यालयहरुले जिल्ला समन्वय समितिसंग समन्वय गर्नुपर्ने व्यवस्था भएपनि सो व्यवस्था कार्यान्वयनमा नआएको,
१५. संविधान बमोजिमको गाउँ/नगरपालिकाको एकल अधिकारको सूची कार्यान्वयनमा ल्याउन कठिनाई भएको,

**संघीय सरकारसंगको अपेक्षा**

१. जिल्ला समन्वय समिति सञ्चालन ऐन यथासिघ्र जारी गर्न प्रदेश सरकारहरुलाई आवश्यक समन्वय, सहजिकरण र निर्देशन गरिनुपर्ने,
२. जिल्ला समन्वय समितिका उप-प्रमुख सहित सदस्यहरु, गाउँ/नगरपालिकाका वडा अध्यक्षहरु, कार्यपालिकि सदस्यहरु र सभा सदस्यहरुको मर्यादाक्रम यथासिध्र निर्धारण गर्नपर्ने,
३. जिल्ला सभाको कोष सञ्चालनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अवरोध सृजना गरेको हुँदा तत्वकाल फुकुवा गरि जिल्ला सभाको निर्णय बमोजिम कोष सञ्चालनको व्यवस्था मिलाउनु पर्ने,
४. संविधान र स्थानीय सरकार सञ्चालन ऐनमा स्पष्ट उल्लेख गरिए अनुसारको अनुगमन कार्य र समन्वयात्मक भूमिका निर्वाह गर्न संघ र प्रदेश सरकारले जिल्ला समन्वय समितिलाई आवश्यक स्रोत, साधन, जनशक्ति उपलब्ध गराउनु पर्ने,
५. सन्तुलित विकासका लागि अनुगमन, समन्वय, सहजिकरण गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिलाई रहेको हुँदा समितिका पदाधिकारीहरुलाई क्षमता विकासको तालिमहरु यथासिघ्र प्रदान गर्नुपर्ने, साथै गाउँ/नगरपालिकाहरुको समेत क्षमता विकासको कार्यक्रम जिल्ला समन्वय समिति मार्फत संचालन गर्ने व्यवस्था हुनुपर्ने,
६. जिल्ला समन्वय समितिबाट गरिएका प्रभावकारीता र विकास सन्तुलनको अनुगमनको प्रतिवेदन अनुसार दिएको निर्देशन संबन्धित निकायले पालना गर्नुपर्ने कानुनी व्यवस्था मिलाउनुपर्ने,
७. स्थानीय सरकार संचालन ऐन २०७४ लागु भइसकेपछि पनि जिल्लास्तरबाट प्रदान गरिएका सबै सेवाहरु गाउँ/नगरपालिका तहबाट प्रदान गर्ने भनिए पनि सो सेवा प्रवाह गर्न ढिलाई भएको हुँदा सो सेवा प्रवाहका लागि आवश्यक सहजिकरण गरिनुपर्ने,
८. संघ र प्रदेशका जिल्लास्तरीय कार्यालयहरुबाट संचालन हुने आयोजनाहरुको छनौट र कार्यान्वयनमा जिल्ला समन्वय समितिको सहभागिता, समन्वय र अनुगमनको सुनिश्चितता गरिनुपर्ने ।

महासंघका अध्यक्ष श्री सीता कुमारी सुन्दास, उपाध्यक्ष श्री सन्तमान तामाङ्ग, प्रवक्त श्री नवराज गेलाल तथा महासचिव श्री कृष्ण चन्द्र न्यौपाने सहित भएको प्रतिनिधीत्वमा माननीय अर्थमन्त्री डा. युवराज खतिवडा, न्याय कानून तथा संसदिय व्यवस्थ मन्त्री श्री भानुभक्त ढकाल तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले जिल्ला समन्वय समिति महासंघ नेपाल तथा गाउँपालि महासंघको प्रस्तुती पछि टिप्पणी गर्दै सांसदहरुले सोध्नुभएका प्रश्नको जवाफ दिनु भएको थियो ।

माननीय सांसद इन्द कडारिया र माननीय सांसद श्री प्रकास पन्तले जिल्ला समन्वय समितिलाई भूमिका, स्रोत साधन परिचालन हुन नसकेको कानून निर्माण प्रमुख समस्या रहेको तथा कर्मचारी अभावमा रहेको बारे सरकारको धारणा माग गर्नु भएको थियो । उहाँहरुले कानूनको अभावमा संघ महासंघहरुले गतिविधी गर्न नसकेको बुझिएकोले मन्त्रीले जवाफ दिनु पर्‍यो भन्नु भएको थियो ।

मानीय सांसद श्री कोमल वलीले संविधानको धारा ३०४ अनुसार बाझिएका कानून विस्तापित तथा नयाँ कानून कहिले बन्छ ? सिमान्तकृतलाई न्याय मंहगो भयो किन सहजिकरण गरिदैन ? कर्मचारी समायोजना किन अध्यादेश ल्याएर गर्न खोजिंदैछ जस्ता प्रश्न राख्नु भएको थियो ।

माननीय विमल राई पौडेलले महिला वालवालिका जिल्ला कार्यालय नहुँदा सेवा प्रवाह अवरुद्ध भयो । १६५ ठाउँमा तालिम प्राप्त जनशक्ति प्रवन्ध गरेर सेवा सुचारु हुन आवश्यक छ भन्नु भयो ।

माननीय खिमलाल भट्ट : प्रदेशमा बजेट पठाएको छैन कार्यक्रम पठाएर के गर्ने जनताले सरकारले कर बढि उठाएको भनिएको छ र स्थानीय तहको कर उठाउनेमा केन्द्रले हस्तक्षप गरिरहेको आरोप छ । यसमा समन्वयको संयुक्त जिल्ला समन्वय समिति कसरी परिचालित हुने भन्ने प्रश्न राख्नु भएको थियो ।

माननीय सांसदहरुको प्रश्नमा माननीय कानून मन्त्रीको जवाफ
कानून निर्माणको हकमा यो गोल्डेन टाइम हो । Fundamental Rights Act को निर्माणहरु महत्वपूर्ण हुन ती बनिसकेका छन् । संघीयता कार्यान्वयनमा सरकार प्रतिवद्ध छ । संसदबाटै कानून बन्नुपर्छ भन्ने पक्षबाट सरकार तयार छ । अहिले सरकारका प्राथमिकतामा निम्न विषय परेका छन्:

- साझा सूचीका अधिकार व्यवस्थापन गर्ने कानून निर्माण ।
- धारा ३०४ संग सम्बन्धित संविधान चिनाउने गरी कानून बनाउने कार्य ।
- संक्रमण कालिन न्यायको उचित व्यवस्थापन गर्ने विषय ।

# जिल्ला समन्वय समिति रामेछापको
# तेस्रो जिल्ला सभा तथा प्रथम वार्षिक समिक्षा कार्यक्रम

जिल्ला समन्वय समिति, रामेछापको तेश्रो जिल्ला सभा बैठक तथा प्रथम वार्षिक समिक्षा कार्यक्रम यहि मिति २०७५ मंसिर २३ र २४ गते सम्पन्न भयो । रामेछाप जिल्ला समन्वय समितिका प्रमुख श्री प्रेम बहादुर खड्काज्यूको अध्यक्षता तथा रामेछाप जिल्लाबाट प्रतिनिधि सभाका सदस्य माननीय श्याम कुमार श्रेष्ठ र प्रदेश नम्वर ३ का आर्थिक मामिला तथा योजना मन्त्री माननीय कैलाश ढुंगेलले संयुक्त रुपमा सभाको उद्घाटन गर्नु भएको थियो । यस सभामा जिल्लाका २ वटा नगरपालिका र ६ वटै गाँउपालिकाका प्रमुख/अध्यक्ष तथा उप-प्रमुख/उपाध्यक्ष, जि.स.स.का सदस्यहरुको सहभागिता रहेको थियो ।




जिल्ला समन्वय समितिका उप-प्रमुख श्री दिपा पाखिनको स्वागत मन्तव्यबाट शुरु भएको सभाको उद्घाटन कार्यक्रममा प्रदेश सभा सदस्य शान्ति प्रसाद पौडेल, जिल्ला समन्वय समिति महासंघ नेपालका प्रवक्ता नवराज गेलाल, संविधान सभाका पूर्व सभासद् तारानारायण श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टी (नेकपा), नेपाली कांग्रेस लगायत ४ वटा प्रमुख राजनितीक दलका प्रमुख/प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय अधिकारी, जिल्लास्थित कार्यालयका प्रमुखहरु, ८ वटै तहका प्रमुख प्रशासकीय अधिकृतहरु, जिल्लास्थित विभिन्न संघ/महासंघका र समितिका अध्यक्षहरु जिल्लास्थित अधिकांश पत्रकारहरु सहितको उपस्थितिमा कार्यक्रमको उद्घाटन समारोह सम्पन्न गरिएको थियो । यस जिल्ला सभाको सन्दर्भमा जिल्ला समन्वय समितिका वार्षिक कार्यक्रम सहित जिल्लास्थित सबै कार्यालयहरु सबै पालिकाहरु र जिल्लास्थित प्रमुख गैर सरकारी संस्थाहरुको आ.व. २०७४/७५ को वार्षिक समीक्षा कार्यक्रम पनि गरिएको थियो ।

दुई दिन संचालित कार्यक्रमको सञ्चालन जिल्ला समन्वय समितिका शाखा अधिकृत दीपक प्रसाद सुवेदीले गर्नु भएको थियो भने यस सभाले भुकम्प पिडितका समस्या सहित जिल्लाका प्रमुख सरोकारका विषयहरु र विकास निर्माणलाई सन्तुलन गर्ने विषयहरु एकिकृत गरि रामेछाप जिल्लाको साझा अवधारणा पत्रको रुपमा साझा प्रतिवद्धता जारि गरियो ।



**जिल्ला समन्वय समिति महासंघ नेपाल**
Association of District Coordination Committees of Nepal
(ADCCN)

Ref. No.:- २५/०७५/७६

Date :- ..................
२०७५।०७।२७

**जिल्ला समन्वय समिति सदस्यमाथिको सांघातिक आक्रमणको**

**घोर भत्सना**

जिल्ला समन्वय समिति सिन्धुपाल्चोकका सदस्य श्री देश बहादुर तामाङ्गमाथि मिति २०७५।०७।२६ गते दिनको २:०० बजे मेलम्ची नगरपालिक -१२ बाहुनेपाटीमा भएको सांघातिक आक्रमण (खुकुरी प्रहार) प्रति जिल्ला समन्वय समिति महासंघ नेपाल स्तब्ध भएको छ । यस्ता अपराधिक क्रियाकलाप जो कोहीबाट भएको भएपनि महासंघ घोर भत्सना गर्दछ र आक्रमणकारीलाई सिघ्र कानूनी कारवाहीको लागि सम्बन्धित निकाय (स्थानीय प्रशासन) संग अनुरोध गर्दछ ।

यस्ता जघन्य आपराधिक गतिविधीको स्वतन्त्र छानविनका लागि मानव अधिकारकर्मिसंग हार्दिक अपिल पनि गर्दछ ।

नवराज गेलाल
प्रवक्ता

**पत्राचार ठेगाना :** सानेपा मोड, ललितपुर, नेपाल, **फोन:** ५५५४०८१, ५५२९२०२, **फ्याक्स:** ००९७७-१-५५४८४६९
**Mailing Address:**– Sanepa Mode, Lalitpur, Nepal, **Phone:** 5554081, 5529202, **Fax:** 00977-1-5548469, E-mail: addcn@addcn.org.np

# जिल्ला समन्वय समिति मकवानपुरको तेश्रो जिल्ला सभा तथा वार्षिक समीक्षा बैठक

जिल्ला समन्वय समिति मकवानपुरले २०७५ असोज १८ गतेका दिन तेश्रो जिल्ला सभा तथा वार्षिक समीक्षा बैठक सम्पन्न गऱ्यो । ३ नं. प्रदेशका मुख्यमन्त्री माननीय डोरमणि पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथिले पानसमा दीप प्रज्वलन गरि शुभारम्भ गर्नु भएको थियो । जिसस प्रमुख रघुनाथ खुलालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा अतिथि एवं सहभागिहरुलाई उप प्रमुख भगवति पुडासैनीले स्वागत गर्नु भएको थियो । कार्यक्रममा प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रदेश सभाका माननीयहरुको सहभागिता रहेको थियो भने राजनीतिक दल, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु, नागरिक समाज, पत्रकारहरु लगायतकाको उपस्थिति रहेको थियो ।




पहिलो दिन जिल्लास्थित १० वटै स्थानीयतहहरुले आर्थिक बर्ष २०७४/७५ मा सम्पन्न गरेका कार्यक्रमहरुको प्रस्तुति तथा छलफल गरिएको थियो । भोलि पल्ट असोज १९ गते तेश्रो जिल्ला सभाको बैठक बसि जिल्ला सभा संचालन कार्यविधि,२०७५, जिल्ला अनुगमन तथा समन्वय कार्यविधि, २०७५ र मकवानपुर जिल्लाका स्थानीय तहका निर्वाचित प्रतिनिधिहरुको आचार संहिता,२०७५ जस्ता कार्यविधिहरु पारित भएका थिए ।

यस अतिरिक्त अन्य निर्णयहरुमा:

- मकवानपुर जिल्लाबाट निर्वाचित जनप्रतिनिधिहरुका लागि आफ्नै पहिचान दिन, जनप्रतिनिधिहरु बीचको एकरुपता कायम गर्न र आपसी सम्मानका लागि समेत औपचारिक कार्यक्रमको प्रयोजनका लागि जनप्रतिनिधिहरुलाई औपचारिक पोशाक निर्धारण गर्ने र जिल्लाको विशेषता र पहिचान झल्कने लोगो तयार गर्ने निर्णय भएको छ ।
- **हेटौंडालाई ३ नं. प्रदेशको स्थायी राजधानी कायम गर्ने, स्थानीय तहको क्षमता विकास, रिक्त कर्मचारी दरवन्दी पूर्ति, रजिष्ट्रेशन, विद्युतरोयल्टी तथा कर, पालिकाको कार्यालय भवनको लागि सार्वजनिक जग्गा उपलव्ध गराउने साथै** गुणस्तरीय सेवा प्रवाह गरी जनतालाई विश्वासनीय, सरल र दिगो विकासमा उल्लेख्य योगदान पुरयाउने स्थानीय तहहरुलाई उनीहरुले सम्पादन गरेका कामका आधारहरुमा सम्मान तथा पुरस्कृत गर्ने निर्णहरु गरिएको थियो ।
- सभाले थाहानगरपालिका वडा नं.१२ का निर्वाचित वडा सदस्य बर्ष ५५ का श्री वीर बहादुर गोले र मनहरी गाउपालिका वडा नं. ७ का जद हार्दिक समवेदना प्रकट गरेको छ ।

सभाको उद्घाटन सत्रमा २०३६ साल देखि हेटौंडाको प्रजातान्त्रीक आन्दोलनमा गोलि लागि घाईते भएका नेपाली कांग्रेसका पूर्व सभापति माइकल रामचन्द्र अर्याल, जिफन्टका सिताविडारी, बिष्णु ढुंगाना, राम बहादुर भुजेल, १० बर्षे जनयुद्धका घाईते जय बहादुर न्यासुर, जन आन्दोलका घाईते गोकर्ण तिवारी लागायतलाई प्रमुख अतिथि मुख्यमन्त्रीले दोसाल्ला र सम्मान पत्र प्रदान गरी सम्मान गुर्न भएको थियो । कार्यक्रममा प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा र पूर्वा माननीयज्यूहरु, प्रदेश प्रमुख सचिव, राजनीतिक दल, पालिका प्रमुख, उपप्रमुख, कार्यकारी अधिकृत, कार्यालय प्रमुखहरु, गैसस, संचारकर्मी लगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।












# जिल्ला समन्वय समिति स्याङ्जाको सहयोगमा पहिलो विश्वकप प्याराग्लाइडिङ्








मिति २०७५ कार्तिक १५, वर्ल्डकप नेपाल प्याराग्लााइडिङ संघ, नेपाल हवाई खेलकुद संस्था र बाबु एडभेन्चर क्लब स्याङ्जाको आयोजना तथा जिल्ला समन्वय समिति स्याङ्जाको सहयोग र स्याङजाका ११ वटै स्थानीय तहको संयोजकत्वमा नेपालको इतिहासमा पहिलो पटक स्याङ्गजा जिल्लाको भीरकोट नगरपालिका ५ स्वेरक महापुर मैदानमा 1st Nepal Paragliding Accuracy World Cup 2018 को भव्यताका साथ सम्पन्न भयो । उक्त विश्वकप प्याराग्लाइडिङ्गको उदघाट्न नेपाल सरकार युवा तथा खेलकुद मन्त्री माननीय जगत विस्वकर्माज्यूको प्रमुख आतित्थ्यतामा विशिष्ट अतिथी संघीय सरकारका माननीय सांसद नारायण प्रसाद मरासिनीज्यु, प्रदेश सांसद विधायन समितिका सभापति मोहन रेग्मीज्यु, प्रमुख जिल्ला अधिकारी कोषहरी निरौलाज्यु, अतिथी स्याङ्जाको ११ संथानिय तहका प्रमुख उपप्रमुखहरु, निर्णायक, विभिन्न देशबाट आउनुभएका हवाई खेलडीहरु, पत्रकारहरु तथा सम्पुर्ण दर्शक महानुभावहरुको उपस्थितिमा भएको थियो । जिल्ला समन्वय समितिका प्रमुख सीता कुमारी सुन्दासज्युको सभापतित्वमा संचालन कार्यक्रम स्याङ्जा प्रयटन वोर्डका उपाध्यक्ष अनन्त कुमार श्रेष्ठ गर्नुभएको थियो ।

उक्त विश्वकपमा बीस राष्ट्का १२१ जना खेलाडीहरुको सहभागिता थियो । सबै खेलाडीहरु मध्येमा कोरियाली खेलाडीले बर्चस्व जमाएका थिए । व्यक्तिगततर्फ सवै र महिलातर्फ दुई पदक जितेका कोरियाली खेलाडीले समुहगत रुपमा समेत दुई पदक जितेका थिए । अन्तिम चरणका खेल सकिंदा दक्षिण कोरियाका स्याङ्ग लिमले १२ अंक ल्याई पहिलो भएका छन् । ६ वटै चरणमा राम्रो प्रदर्शन गरेका लिमले स्वर्ण पदकका साथमा १ हजार युरो प्राप्त गरे भने जिहुन यो ले दोस्रो स्थानमा रहे भने कोरियाकै किम कि हिओन तेस्रो भए उनीहरुले क्रमश रजत र कास्य पदकका साथमा ७५० र ५०० युरो प्राप्त गरेका थिए । समग्रमा आठौंमा रहेका नेपालका युकेश गुरुङले ३३ अंक ल्याएका थिए । पाँचौ चरण सम्म दशौंमा रहेका गुरुङले अन्तिम चरणमा सुधार गरी आठौमा परेका हुन् ।

समुहगत विधामा पहिलो र दोश्रो स्थान कोरियाका खेलाडीले नै हात पारेको छन । च्याङमिन ली नेतृत्वको जीनग्लाइडर्स समूह पहिलो भएको छ । ९३ अंकका साथ यो समूहले समुहगत विधाको उपाधि हात पारेको हो जसले १५ सय यूरो हात पारेको छ । समुहगत विधामै दोश्रो भएको स्याङग्गु लिम नेतृत्वको दाभिन्सि समुहले १६४ अंक ल्याएको र दोश्रो भएको दाभिन्सिले १२ सय यूरो पुरस्कार पाएको थिए ।

१७ समुहले प्रतिस्पर्धा गरेको समुहगत विधामा भने नेपाल-१ नामक समुह तेश्रो भएको छ । यूकेश गुरुङ नेतृत्वको नेपाल-१ नाम दिईएको समुह तेश्रो भएको हो । नेपाल-एक समुहले २८४ अंक ल्याएको छ । तेश्रो भएको नेपाल-१ समूहले ७ सय यूरो नगदका साथमा कास्य पदक पाएको छ । नेपाल–१ मा युकेश गुरुङ सहित विजय गौतम, बिशाल थापा र विमल अधिकारी थिए । यी सबै खेलाडी झन्डै दुई महिना अघि इन्डोनेशियामा भएको एशियाली खेलकुदमा नेपाललाइ प्याराग्लाइडिङ क्रसकन्ट्रीमा रजत पदक जिताउन खेलेका थिए ।

जम्मा १७ प्रतियोगि सहभागि रहेको महिलातर्फको विधामा पनि व्यक्तिगततर्फ कोरियाली खेलाडीले नै पहिलो र दोस्रो भएका थिए । कोरियाकी हियुङहि किम ५९ अंकका साथ उत्कृष्ट हुन सफल भईन भने इयुनयोङ चो ७४ अंकका साथ दोश्रो भईन । इन्डोनेसियाकी गीता रेज्की वाइ गुन्तारी २११ अंकका साथ तेश्रो बनेकी हुन । महिला विधामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः १ हजार, ७ सय ५० र ५ सय युरो पुरस्कार पाएका छन । महिलातर्फ पाँचौ, छैठौं र सातौं स्थानमा नेपाली खेलाडीहरु क्रमशः सबिता तामाङ, प्रतिभा भूजेल र त्रिशा श्रेष्ठ बमजन रहेकाछन् । तामाङले १०८३, भूजेलले ११४४ र बोमजोनले ११६६ अंक पाएकी थिए ।

एक्युरेसी अन्तर्गतमा भएको यो विश्वकपमा नेपाली खेलाडीले भने राम्रो प्रदर्शन गर्न सकेनन् । तोकिएको ठाँउमा अवतरण गर्ने खेलाडीले शुन्य र तोकिएको ठाँउ भन्दा वाहिर अवतरण गर्नेले वढीमा ५ सय नम्वर सम्म पाउने गर्दछन । यसमा शुन्य नम्वर प्राप्त गर्ने उत्कृष्ट मानिन्छ । ६ चरणका खेल हुने प्रतियोगितामा ६ वटै चरणका अंकहरु जोड गरी विजेता चयन गरिनेछ । वर्ल्डकपको लागि नाम दर्ता गराएका ९८ जना खेलाडी मध्ये ७० जना मात्रै प्रतियोगिताको लागि भाग लिन योग्य पाईएपछि उनीहरु वीच नै प्रतिस्पर्धा भएको थियो ।



स्वरेक र डौंवा फाँटमा प्याराग्लाइडिङको महाकुम्भ चलेको थियो । यसैले स्वरेक महापुर र डौंवा फाँटमा मानिसको घुँइचो, चाप र ओइरो लागेको थियो । होटल, रेष्टुँरा र विभिन्न व्यापारीहरुलाई भ्याइ नभ्याइ भएको र आकाशे रंगशाला उडेको ग्लाइडर र ग्लाइडरसँगै उडिरहेको पाइलटलाई देख्दा र हेर्दा उनीहरु दंग थिए ।

भीरकोट नगरपालिका-५ महापुरस्थित स्वरेक मैदानवाट उडेका प्याराग्लाईडर वालिङ नगरपालिका-११ डौवा फाँटको तोकिएको घेरा भित्र उत्रिएका थिए । खेलको निर्णयको लागि स्वदेशी र विदेशी गरी २० जना निर्णायकहरु खटिएका थिए । वर्ल्डकपको भुमीसुधार तथा गरिवी निवारण मन्त्री पद्मा अर्यालले समापन गरेकी थिइन् ।

# जिल्ला समन्वय समिति महासंघ नेपालको कार्य सम्पादन समिति बैठक सम्पन्न

२०७५।०८।०५ गते, जिल्ला समन्वय समिति महासंघ नेपालको आठौं कार्य सम्पादन समितिको बैठक महासंघकै कार्यालयमा सम्पन्न भयो । उक्त बैठकमा कार्य सम्पादन समितिबाट निम्न निर्णयहरु गरियो ।

१. आगामी २०७५ मंसिर ८ गते शनिबार सिन्धुपाल्चोकमा कार्य सम्पादन समितिका पदाधिकारी जाने र वातावरण सम्मेलनबारे आधिकारीक सुझावको प्रवन्धका बारे जिल्ला समन्वय समिति सिन्धुपाल्चोकले आयोजना गर्ने कार्यक्रममा भाग लिने ।

२. ७७ वटै जि.स.स.का पदाधिकारीहरुलाई संघीयता कार्यान्वयन तथा जि.स.स.का संवैधानिक अधिकार परिचालनका लागि क्षमता विकास तालिम/कार्यशाला गरि सहयोग गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा अवधारणा प्रस्ताव पठाउने निर्णय गरियो ।

३. महासंघ सचिवालय संचालनका लागि सबै जिल्ला समन्वय समितिलाई सदस्यता शुल्क रकम अविलम्ब पठाई दिन पत्राचार गर्ने निर्णय गरियो ।

४. जि.स.स. पदाधिकारीको सेवा सुविधको एकरुपताका लागि सबै प्रदेश तहमा नीतिगत प्रवन्ध मिलाउनु पर्ने तथा मर्यादाक्रम समेत चाँडो तोकी जि.स.स.का तोकिएका कार्य सम्पादन गर्न कानूनी प्रवन्ध मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रदेश मुख्य मन्त्रीको कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

५. महासंघका गतिविधी सरकारको सहयोगीका रुपमा रहेका र यसलाई संस्थागत गर्न निकट भविष्यमा संचालनमा आउन लागेको स्थानीय सरकार सवलिकरण सहयोग कार्यक्रममा यस महासंघको प्रतिनिधित्व तथा कार्य जिम्मेवारी सहितको कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

६. सिन्धुपाल्चोकमा आयोजना गर्न लागिएको राष्ट्रिय जलवायु सम्मेलनको प्रवन्ध तथा अन्य विषय वस्तुलाई महासंघको तर्फबाट उठान गर्न केन्द्रीय कार्यसमितिको बैठक यहि २०७५ मंसिर १७ गते सोमबार दिनको १०:३० बजे जि.स.स. भक्तपुरको सभाहलमा आयोजना गर्ने निर्णय गरियो । सबै सदस्यज्यूहरुको उपस्थितिको लागि निमन्त्रणा पठाउने ।

७. यस महासंघको गत आ.व. ०७४/७५ को अन्तिम लेखा परिक्षण प्रारम्भिक प्रतिवेदन यस बैठकले स्विकृत गर्ने निर्णय गरियो ।

८. जिल्ला समन्वय समिति गठन पश्चात बस्ने विभिन्न बैठकहरु, जिल्ला सभा तथा अन्य बैठकहरुमा जि.स.स.का पदाधिकारीको सहभागिता हुँदा बैठक भत्ता तथा संधै दिँदै आएको चाडपर्व खर्च जस्ता विषयमा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ मा स्पष्ट उल्लेख नभएको कारणले महालेखा परिक्षकको विभागबाट वेरुजु (असुल उपर गर्नुपर्ने) जनाएको सम्वन्धमा जि.स.स.हरुले सम्वन्धित प्रदेशका मुख्यमन्त्रीज्यूहरुलाई स्पष्ट निर्देशन जारी गर्न अनुरोध गरेको र महासंघलाई उक्त विषयमा आवश्यक सहयोग गरिदिन लेखि आएको सम्वन्धमा यस कार्यसम्पादन समितिले आवश्यक स्पष्ट नीति नियम बनाउन सबै प्रदेश सरकार तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

***सम्पादन : कृष्णचन्द्र न्यौपाने, सामग्री संकलन तथा लेआउट : दिनेश श्रेष्ठ***

**जिल्ला समन्वय समिति महासंघ नेपाल** Association of District Coordination Committees of Nepal (ADCCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur,
**E-mail :** addcn@addcn.org.np; adccn77@gmail.com **URL:** www.addcn.org.np